# २ विभिन्न रुपक तथा प्रतिकहरुद्वारा अनुशासित अनुयायी बनाउनु

*__यस अध्यायको निम्ति पढ्नुहोस्:__* २ शामूएल १२:१-७, यशैया २८:२४-२८, मत्ती ७:२४-२७, मत्ती १३:१-३०, लूका २०:९-१९।

*__स्मरण गर्नु पर्ने पद:__* "येशूले मानिसहरूलाई सबै कुरा दृष्टान्तको रूपमै भन्नुहुन्थ्यो। उहाँले तिनीहरूलाई दृष्टान्तबिना शिक्षा दिनुभएन, अनि यसरी अगमवक्ताले भनेको यो कुरा पूरा हुन आएको हो– म तिनीहरूलाई दृष्टान्तको रूपमा कुरा गर्नेछु र संसारको सृष्टि भएदेखि थाहा नपाइएका कुराहरू भन्नेछु।" मत्ती १३:३४,३५।

**इसाई धर्म फुर्तिलो र तर्क संगत छ।** तर फुर्तिलो वा जोशिलो र तर्क संगत वा ज्ञानवर्द्धक भयो भन्दैमा मानिसले जे गर्छ त्यो सबै कुराहरूको वाख्या गर्न सक्छ भन्ने छैन। रोबोट अर्थात मानव आदि आकारका यान्त्रिक मेशिनले धेरै कामहरू गर्न गर्न सक्छ। कम्प्युटर प्रविधिद्वारा त्यस मेशिनमा प्रोग्राम जडिएको हुन्छ। तर मानिसले मात्र माया प्रेम, रून, स्याहाशुसार वा हेरचाह, हाँस्न, कल्पना र दुःखेको अनुभव गर्न सक्दछ। त्यसकारण येशूले अनन्त जीवन सम्बन्धी सत्य आत्मज्ञानहरू धेरै तरिकाहरू अपनाएर सिकाउनु भएको थियो। दैनिक जीवनमा देखेका, घटेका सरल कुराहरूलाई चित्रण गरेर येशूले सिकाउनु भएको थियो। मानिसहरू जहाँ जहाँ छन् त्यहाँ त्यहाँ वा तिनीहरूकै माझमा पुग्नु उहाँको निति थियो। विभिन्न अर्तिकथा, शव्दचित्र र उदाहरणद्वारा बालबालिका र हुर्केका मानिसहरूले परमेश्वरको आत्मज्ञान बुझुन् भनेर नै त्यो सिकाउने तरिका अपनाउनुभएको थियो। धर्मका विभिन्न पक्ष वा विद्याहरू जस्तै दोषमुक्ति वा पापको क्षमा, उचित धार्मिक जीवन वा परमेश्वरले कोर्नुभएको पवित्र जीवन, शुद्ध वा ख्रीष्टको शक्तिले जिउन सक्ने चोखो जीवन आदि सजिलैसँग ती कथाहरूबाट मानिसहरूले बुझ्न पाएका थिए। अर्को अर्थमा भन्ने हो भने, सर्वसाधारण मानिसहरूले प्रायजसो बुझ्न नसकेको गहिरो सत्यहरू, चित्र, शव्दचित्र, अर्तिकथा, कथा र उदाहरणहरू प्रयोग गरि सरल भाषामा प्रस्तुत गरियो भने सबैले बुझ्न सकिन्छ।

## १. पुरानो करारमा दिएका उदाहरणहरू (२ शमुएल १२:१-७)

मानव जगतसँग परमेश्वरले आफ्नो आत्मियता गाँस्न चाहनुहुन्छ। देहायका पदहरूले मानिसहरूप्रति उहाँको निकट सम्बन्ध कस्तो रहेछ भनेर देखाउँदछन्। परमेश्वरका अगमवक्ताहरूले ती पदहरूमा प्रयोग गरेका केही उदाहरणहरू येशू ख्रीष्टले पनि पछि प्रयोग गर्नु भएको थियो भनेर देखा परेका छन्। हेर्नुहोस्ः २ शमूएल १२:१-७, "त्यसपछि दाऊदले परमप्रभुलाई सोधे, "के म यहूदाको कुनै एक सहरमा गई त्यसलाई कब्जा गरूँ?" परमप्रभुले जवाफ दिनुभयो, "जाऊ।" दाऊदले सोधे, "कुनचाहिँ सहरमा जाऊँ?" परमप्रभुले भन्नुभयो, "हेब्रोनमा।" २ यसर्थ दाऊद हेब्रोनमा गए। तिनले आफ्ना दुई पत्नीहरू यिजरेलकी अहीनोम र कर्मेलको नाबालकी विधवा अबिगेललाई साथमा लिएर गए। ३ दाऊदले आफ्ना साथमा भएका मानिसहरू र तिनीहरूका परिवारसमेत लिएर गए र तिनीहरू हेब्रोनका छेउछाउका सहरहरूमा बसोबास गर्न थाले। ४ तब यहूदाका मानिसहरू हेब्रोनमा आए र दाऊदलाई यहूदाका राजा अभिषेक गरे। गिलादको यावेश सहरमा बास गर्ने मानिसहरूले शाऊललाई गाडेका खबर सुनेर ५ दाऊदले केही मानिसहरूलाई त्यहाँ यस्तो समाचार दिन पठाए, "आफ्ना राजा शाऊललाई गाडेर तिनीप्रति तिमीहरूले देखाएका भक्तिको निम्ति परमप्रभुले तिमीहरूलाई आशिष् देऊन्। ६ परमप्रभु तिमीहरूप्रति दयालु र विश्वासयोग्य बनून्। तिमीहरूको यस कामले गर्दा म पनि तिमीहरूसित असल व्यवहार गर्नेछु। ७ बलिया र साहसी होओ! तिम्रा राजा शाऊल मरे र यहूदाका जनताले मलाई राजा अभिषेक गरेका छन्।", यशैया २८:२३-२९ "मेरो कुरामा कान थाप र मैले भनेको कुरामा ध्यान देओ। २४ कुनै किसानले एकोहोरो आफ्नो खेत जोतिरहँदैन। सधैं बिउ छर्न तयार भइरहँदैन। २५ एकपल्ट जमिन तयार पारेपछि त्यसले सुँप र जीराको बिउ छर्दछ। लहर-लहर गरी गहुँ र जौ रोप्छ र खेतका किनारमा अरू अन्न लगाउँछ। २६ त्यसले आफ्नो काम गर्न जान्दछ किनभने परमेश्वरले त्यसलाई काम गर्न सिकाउनुभएको हो। २७ त्यसले सुँप र जीरालाई कुट्न कहिल्यै गह्रुङ्गो मुङ्ग्रो चलाउँदैन तर त्यसले ठीक आकारको हल्का लौराले कुट्छ। २८ गहुँ एकोहोरो दाइँ गरेर गहुँ नष्ट गर्दैन तर दाना नफुट्ने गरी त्यसमाथि कसरी गाडालाई हल्कासित चलाएर दाइँ गर्नुपर्छ भनी जान्दछ। २९ त्यसका सारा बुद्धि

सर्वशक्तिमान् परमप्रभुबाट आउँदछ। उहाँको योजना उदेकको र उहाँको बुद्धि सर्वोच्च छ!", यर्मिया १३:१२-१७ “परमप्रभु परमेश्वरले मलाई भन्नुभयो, “ए यर्मिया, इस्राएलका मानिसहरूलाई भन् कि दाखमद्यको प्रत्येक सुराही दाखमद्यले भरिनैपर्छ। तिनीहरूले तिमीलाई यसरी जवाफ दिनेछन्, ‘प्रत्येक दाखमद्यको सुराही दाखमद्यले भरिनुपर्छ भन्ने हामी जान्दछौं’। १३ त्यसपछि तिनीहरूलाई भन् कि यस देशका सबै मानिसहरूलाई दाऊदका सन्तानबाट राज्य गर्ने राजाहरू, पूजाहारीहरू, अगमवक्ताहरू र यरूशलेमका सबै बासिन्दाहरूलाई समेत म दाखमद्यले बेसरी मताइदिनेछु। १४ अनि त्यसपछि म तिनीहरूलाई बुढा-पाका र युवाहरू सबैलाई एकनास गरी आपसमा एउटालाई अर्कोसित जुधाएर मारिछोड्नेछु। कुनै दया, करुणा वा कृपाका कारणले म आफ्नो हात थाम्नेछैनँ।१५ हे इस्राएलका मानिसहरू हो, नम्र भएर प्रभुको वचन सुन, परमप्रभु बोल्नुभएको छ। १६ उहाँले अन्धकार ल्याउनु, सामुन्नेका पहाडहरूमा तिमीहरूलाई ठेस लाग्न लाउनु र तिमीहरूले आशा गरेको ज्योतिलाई उहाँले अन्धकारमा बदली गर्नुअघि नै परमप्रभु आफ्ना परमेश्वरलाई आदर गर। १७ तर तिमीहरूले यी मेरा कुरा सुनेनौ भने तिमीहरूका घमण्डका कारणले म गुप्तमा रुनेछु। म धुरुधुरु रुनेछु र मेरा आँखाबाट आँसुका धारा बग्नेछन् किनभने परमप्रभुका प्रजा कैदमा लगिएका छन्। ” इजकिएल १५:१-७ “परमप्रभु मसित फेरि बोल्नुभयो। २ उहाँले भन्नुभयो, “ए मरणशील मानिस, यरूशलेमले कस्ता घिनलाग्दा कामहरू गरेको छ, त्यो त्यसलाई देखाइदे। ३ यरूशलेमलाई सार्वभौम परमप्रभुले के भन्दै हुनुहुन्छ, त्यो त्यसलाई सुनाइदेः “तिमी कनान देशमा जन्मेको थियौ। तिम्रो बुबा एमोरी थियो र तिम्री आमा हित्तीनी थिई। ४ तिमी जन्मँदा कसैले तिम्रो नाभि काटेन, तिम्रो जिउमा नुन मलेन र तिमीलाई नुहाइदिएन, लुगामा लपेटेन। ५ यी सबै गर्न कसैले पनि टिठ्याएनन्। तिमी जन्मँदा सबैले तिमीलाई हेला गरे अनि तिमीलाई खुल्ला मैदानमा फ्याँकिदिए। ६ “तब, म तिम्रै छेउबाट जाँदा तिमीलाई तिम्रै रगतमा लडीबडी गरेको देखें। तिमी रगतमा निथ्रुक्क थियौ तर मैले तिमीलाई मर्न दिइनँ। ७ मैले तिमीलाई एउटा सप्रेको बोटझैं बढाएँ। तिमी बढेर अग्ली, बलियो र मस्त तरुणी भयौ। तिम्रो स्तन बनिए, तिम्रो केश लामो भयो तर तिमी नाङ्गै थियौ। ८ म फेरि तिम्रो छेउबाट भएर जाँदा तिम्रो प्रेम गर्ने उमेर पुगेको देखें। मैले तिम्रो

**नाङ्गो शरीरलाई मेरो लबेदाले ढाकिदिएँ र तिमीलाई प्रेम गर्न प्रतिज्ञा गरें। साँच्चै, मैले तिमीसित बिहेको वाचा बाँधें र तिमी मेरी भयौ।" सार्वभौम परमप्रभु यसो भन्नुहुन्छ।"**

राजा दाउदले अन्यायपूर्वक आफ्नो बफादारी सैनिकलाई लडाईंको मुखमा पारी मार्न लगाएर उनको श्रीमतीलाई आफ्नो बनाएका थिए। त्यसप्रति परमेश्वर नाराज भएर उहाँले अगमवक्ता नेथानलाई अर्तिकथा भन्न लगाएर राजा दाउदले आफ्नो भन्डाफोर आफैलाई गर्न लगाउनुभएको थियो। सुरूमा नेथानले राजाकहाँ आफू आएको मुख्य कारण बताएको थिएन। एउटा धनी मानिसले गरिबको एक मात्र पाठो मार्न लगाएर आफ्नो पाहुनाको सत्कार गरेको कथा नेथानले राजालाई भनेका थिए। त्यो धनी मानिस को हो र उसले गरेको अन्यायको निशाफ पाउनु पर्छ भनेर राजा क्रुद्ध भएका थिए। त्यो धनी मानिस राजा आफै हो भनेर भन्दा आफूले गरेको अन्यायप्रति राजालाई शर्म लागेको थियो र आफू पक्का पापी रहेछु भन्ने महशूस गरे। यसरी राजाले आफूले गरेको अन्यायको निशाफ आफैले गर्न मौका पाए। यदि नेथानले सिधै राजाको अपराध देखाइदिएको भए, उनको ज्यान जोखिममा पर्ने थियो, तर अर्तिकथाबाट नेथनप्रति हुने राजाको रिसलाई साम्य पारियो।

**अगमवक्ता यशैयाले खेतीपातीको विषयवस्तुलाई जोडेर काव्यकहानी रचेका थिए। उनका श्रोताहरूलाई खेतीपातीको बारेमा राम्रै जानकारी थियो। (सयौं वर्षपछि येशूले त्यही खेतीपातीको कथालाई प्रयोग गर्नुभएको थियो)। सजायँ पाएर कष्ट भोगिरहेका मानिसहरूलाई परमेश्वरको असिमित प्रेम कस्तो छ भनेर यशैयाले खेतको बारेमा दृष्टान्त भनेर सुनाएका थिए। परमेश्वरले मानिसहरूलाई दण्ड दिएर सच्याउनुहुन्छ भनेर हिब्रू १२ अध्यायले पनि देखाएको छ। तर ती हतियारहरूलाई परमेश्वरले बदला लिन प्रयोग गर्नु हुन्न। तर यदि मानिसहरू अझै जिद्दिवाल र विद्रोही भएर निस्किरहन चाहन्छन् भने त्यो भन्दा बढि सजायँ तिनीहरूले पाउनेछन्।**

**न्यायको बारेमा अगमवक्ता यर्मियाले दिएको उदाहरण डरलाग्दो छ। परमेश्वरले गर्नुहुने निशाफको बारेमा दिएको अर्तिकथाहरूलाई ख्रीष्टले पनि आफ्ना श्रोताहरूलाई सुनाउनुभएको थियो। इजकिएलले पनि त्यही सन्देश दिन फरक उदाहरण प्रस्तुत गरेका थिए। तैपनि मानव जगत**

परमेश्वरको विरुद्धमा विद्रोह नै गरिरहेकाछन्। यदि तिनीहरूले परमेश्वरको खिलाफमा लागि नै रहे तिनीहरूको आफ्नै आत्मनिर्णयले निम्त्याएका कष्टदायक अनुभवहरू पाउन उहाँले छोडिदिनुहुन्छ।

सत्यलाई वाख्या गर्न कथा किन प्रभावशाली हुन्छ? तपाईंको मनपर्ने त्यस्ता केही कथाहरू छन्? तपाईंले तिनीहरूलाई किन मन पराउनुहुन्छ? त्यसको बारेमा चिन्तन गर्नुहोस्।

## २. बौद्धिक क्षमताको निर्माण गर्नु (मत्ती ७:२४-२७)

प्रत्येक प्रति जसले आफू येशूका भक्त हुँ भनेर दावी गर्दछ वा उहाँको अनुशरण गर्ने अनुयायी हुँ भनेर दावी गर्दछ त्यसको लागि येशूले प्रकृतिवाट एउटा उदाहरण दिनुभएको थियो। आत्मज्ञान सिक्दै बौद्धिक क्षमतामा अघि बढ्दै जाऊ भनेर त्यसमा येशूले दिनुभएको अर्तिलाई तपाईंले के भन्नुहुन्छ? हेर्नुहोस्, मत्ती ७:२४-२७ " "साँच्चै, मैले भनेका यी कुरा सुनेर मान्नेचाहिँ आफ्नो घर ढुङ्गाको बलियो जगमाथि बनाउने बुद्धिमान् मानिसजस्तै हुन्छ। २५ घर बनाएपछि बाढी आयो, हुरी चल्यो, तर जग बलियो भएकोले घर ढलेन। २६ तर मैले भनेका कुरा सुनेर पनि नमान्नेचाहिँ बालुवामाथि घर बनाउने मूर्ख मानिसजस्तै हुन्छ। २७ घर बनाएपछि पानी पऱ्यो, बाढी आयो, हुरी चल्यो अनि त्यसको घर ढलेर भताभुङ्ग भयो।"

शिक्षा भन्ने शव्द यस्तो चलनचल्ती वा साधारण भइसक्यो कि त्यसको मूल अर्थलाई सोच्ने परम्परा हामीले भुल्न थालेका छौं। बाइबलको समयमा शिक्षित भन्दा अशिक्षित मानिसहरू वढि थिए। धेरै लेखनदास र धर्मशास्त्रलाई वाख्या गर्न सक्नेहरूले लेख्न र पढ्न जानेकोले तिनीहरूको स्थान समाजमा अत्यन्त प्रभाकारी स्थान ओगटेको थियो। येशू आफै पनि धर्मशास्त्रलाई वाख्या गर्न सक्ने पौरष व्यक्ति हुनुभएकोले अशिक्षितहरूले आत्मज्ञानको गहिऱ्याइ बुझ्न सकुन् भनेर तिनीहरूले जानेका बुझेका र देखेका कुराहरूलाई औंल्याएर सिकाउनु भएको थियो। चौधौं शताव्दीमा जर्मनको गुटेनवर्गले किताव छाप्ने प्रेसको आविश्कार हुनु भन्दा पहिले विश्वमा प्रायजसो मानिसहरूले हातबाट किताव लेखिन्थ्यो र प्रतिलिपीहरू बनाइन्थ्यो। त्यसले गर्दा किताब लेख्न धेरै समय लाग्थ्यो। ती कितावहरू अति महंगो हुनेभएकोले धेरै मानिसहरूले किनेर पढ्न सक्दैनथ्यो। त्यसले गर्दा सर्वसाधारण

मानिसहरूले केही जानकारी लिनुपर्दा  अरूले भनेको मौखिक पौराणिक र अर्तिकथाहरूबाट थाहा दिन्थ्यो।

कुनै जाति, लिङ्ग, उमेर, वर्ण र देशका मानिसहरूमा सिमित नराखिकन सारा मानव जगतले परमेश्वरले प्रदान गर्नुभएको मुक्तिको योजनाको जानकारी पाउन् भन्ने उहाँको इच्छा हो। त्यसले गर्दा सकेसम्म जतिसक्यो धेरै मानिसहरूले उहाँको सन्देशलाई बुझ्न सकुन् भनेर चलनचल्तीमा आएको भाषालाई उहाँले प्रयोग गर्नुभएकोमा हामी अचम्म मान्नु पर्दैन। पुस्तौं पुस्तौंसम्म सरल कथाहरूबाट मानिसहरूले मुक्तिको वरदानलाई मौखिक रूपम सिकिरहेका सबैलाई थाहा भएको कुरो हो।

चेलापन अर्थात् येशूका पक्का अनुयायी हुनु भनेको के हो भनेर देहायका अर्तिकथाहरूबाट तपाई के सिक्नुहुन्छ? हेर्नुहोस् लूका १४:२५-३३ “एक दिन मानिसहरूको ठूलो हुल येशूसँग जाँदै थियो। येशूले तिनीहरूतिर फर्केर भन्नुभयो, २६ “मेरो पछि लाग्न चाहनेले आफ्ना आमा-बुबा, जहान, छोरा-छोरी, दाजुभाइ, दिदी-बहिनी र आफैंलाई भन्दा बढी मलाई प्रेम गर्नुपर्छ नत्र ऊ मेरो चेला हुन सक्दैन। २७ आफ्नो क्रूस बोकेर मेरो पछि नलाग्नेचाहिँ मेरो चेला हुन सक्दैन। २८ “यदि कसैले धरहरा बनाउन चाहन्छ भने पैसाले पुग्छ कि पुग्दैन, कति खर्च लाग्छ, सबै हिसाब पहिले नै गर्नुपर्छ, होइन र? २९ यदि उसले धरहराको जग बसालेर पूरा गर्न सकेन भने मानिसहरूले उसलाई गिल्ला गर्दै भन्नेछन्, ३० ‘यो मान्छेले बनाउन त थाल्यो, तर पूरा गर्न सकेन!’ ३१ फेरि, कुनै राजाले अर्को राजासँग लडाइँ गर्न जाँदा ‘दश हजार सेना लिएर म बीस हजार सेना हुनेसँग लड्न सक्छु कि सक्दिनँ’ भनेर पहिले नै बसेर सोच्छन्! ३२ लड्न नसक्ने भए पहिले नै तिनले आफ्ना दूतहरूलाई के गरी मेलमिलाप हुन सक्छ भनी बुझ्न पठाउनेछन्। ३३ त्यसरी नै तिमीहरूमध्ये जसले मेरो लागि सबै कुरा त्याग्दैन, ऊ मेरो चेला हुन सक्दैन।"

कुनै भवन निर्माण गर्न योजना बनाउनु पर्दछ। मानिसहरूले भवन निर्माण गर्नु धेरै समय पहिलेदेखि नै त्यस भवन निर्माण गर्न लाग्ने पैसाको बारेमा सोच्दछन्। त्यही तवरले येशूको भक्त हुँ भनेर कसैको लहै लहैमा लागेर हुँदैन बरू उहाँको भक्त हुन्दा चुकाउनु पर्ने मोललाई अगाडी नै थाहा पाउनु पर्दछ। योजनावद्धरूपमा येशूको भक्त हुन प्रण

गर्नु पर्दछ। येशूले हजारौंलाई ख्वाउनु भएको र अनेकौंलाई सहजसँग निको पार्नु भएको कथाहरू सुन्दा उहाँलाई पछ्याउन सजिलै रहेछ भनेर मानिसहरूले सोच्न सक्दछन्। तर उहाँको पछि लाग्न आंशिक होइन पूरै चित्रलाई राम्रोसँग अध्ययन गरेर, जोखेर अघि बढ्नुपर्छ भनेर आफ्ना श्रोताहरूलाई येशूले सुऱ्याउनु हुन्छ। उहाँलाई पछ्याउन त्याग र कष्ट भोग्नु पर्छ र त्यो कसैले कसैको लागि होइन बरू आफैले भोग्नु पर्छ भन्ने यथार्थ ज्ञान थाहा पाउन् भन्ने उहाँको चाहना छ। येशूले शव्दचित्र, उदाहरण र प्रतिकहरूद्वारा मानिसहरूलाई आफ्नो विद्या बाँड्नुभएको सोच्नुहोस्। उहाँका चेलाहरूले सामना गर्नुपर्ने दुःख, कष्ट, ज्यादतीहरूलाई उहाँले हल्का रूपमा कहिल्यै नलिनुभएको तपाईंले के भन्नुहुन्छ?

## ३. खेतीपातीका उदाहरणहरूद्वारा सिक्ने पाठ (मत्ती १३:१-५२)

मत्ती १३:१-५२मा येशूले आफ्ना श्रोताहरूलाई उहाँको भक्त अर्थात् सच्चा इसाई हुनु भनेको के हो भनेर सिकाइरहनुभएको थियो। त्यहाँ दिएका विविध उदाहरणहरू वर्तामान इसाईहरूको निम्ति समय सापेक्षित छ कि छैन सोच्नुहोस्। "१ त्यसै दिन येशू त्यस (आफ्नो) घरबाट निस्कनुभयो र तालको छेउमा गएर शिक्षा दिन बस्नुभयो। २ धेरै मानिसहरू ओइरिएर आए र उहाँको वरिपरि ठूलो घुइँचो लाग्यो। त्यसैले उहाँ एउटा नाउमा चढेर बस्नुभयो। मानिसहरूको घुइँचोचाहिँ तालको किनारामा नै उभिरह्यो। ३ येशूले ती मानिसहरूलाई धेरै कुराहरू दृष्टान्तको रूपमा यस्तो कथा भन्नुभयो। यसरी सिकाउँदै उहाँले भन्नुभयो, "एक जना मानिस बारीमा बिउ छर्न गयो। ४ बिउ छर्दा केही बिउ बाटोमा पऱ्यो र चराहरूले आएर खाइदिए। ५ कति बिउचाहिँ ढुङ्गेनी जमिनमा पऱ्यो। अलिअलि मात्रै माटो भएकोले बिउ उम्रिन त चाँडै उम्रियो, ६ तर गहिरोसँग जरा हाल्न नसकेकाले घाम लाग्दा बिरुवा ओइलाएर सुक्यो। ७ कति बिउचाहिँ काँडाको घारीमा पऱ्यो, तर काँडाको झ्याङ बढ्दा उम्रेका बिरुवाहरू पहेंलिएर मरे। ८ तर कति बिउ भने मलिलो माटोमा पऱ्यो अनि बढेर कुनैबाट सय गुणा, कुनैबाट साठी गुणा र कुनैबाट तीस गुणा बढी उब्जाउ भयो। ९ जसको कान छ, त्यसले सुनोस्!" १० चेलाहरूले येशूकहाँ आएर सोधे, "किन तपाईं मानिसहरूलाई शिक्षा दिनुहुँदा दृष्टान्तको रूपमा

सिकाउनुहुन्छ?” ११ उहाँले तिनीहरूलाई भन्नुभयो, “हेर, परमेश्‍वरको
राज्यको भित्री भेद तिमीहरूलाई जान्न दिइएको छ, तर तिनीहरूलाई
चाहिँ जान्न दिइएको छैन १२ किनभने जोसँग छ, त्यसलाई अझै
दिइन्छ र ऊसँग झन् प्रशस्त हुनेछ। तर जोसँग छैन, उसबाट
अलिकति भएको पनि खोसिन्छ। १३ त्यसैले मैले तिनीहरूलाई शिक्षा
दिँदा दृष्टान्तको रूपमा सिकाएको हुँ किनभने तिनीहरूले हेरेर पनि
देख्दैनन्, सुनेर पनि सुन्दैनन् र बुझ्दैनन् पनि। १४ तिनीहरूसँग चाहिँ
यशैया अगमवक्ताले भनेको यो कुरा ठ्याक्कै मिल्न आउँछ– तिमीहरू
सुन्न त सुन्छौ तर बुझ्दैनौ, देख्न त देख्छौ तर थाहा पाउँदैनौ। १५
‘यी मानिसहरूको मन नै बोधो छ। तिनीहरूका कान नै बहिरा भएका
छन् र तिनीहरूले आँखा चिम्लिएका छन्। नत्रता तिनीहरूले देख्ने र
सुन्ने थिए र मनले बुझ्नेथिए अनि तिनीहरूले आफ्नो मन मतिर
फर्काउने थिए र म तिनीहरूलाई निको पार्ने थिएँ। ’ १६ “तर
तिमीहरूचाहिँ कति धन्य हौ। तिमीहरूका आँखाले देख्छन् र कानले
सुन्छन्। १७ साँच्चै म तिमीहरूलाई भन्छु, तिमीहरूले देखेका र सुनेका
यी कुराहरू धेरै अगमवक्ता र धर्मी मानिसहरूले देख्ने र सुन्ने ठूलो
इच्छा गरेका थिए। तर तिनीहरूले देख्न पनि पाएनन्, सुन्न पनि
पाएनन्।

१८ “अब बिउ छरेको दृष्टान्तको अर्थ सुन। १९ कति
मानिसहरूले परमेश्‍वरको राज्यको बारेमा शिक्षा सुन्न त सुन्छन्, तर
बुझ्दैनन् अनि दुष्ट आएर उनीहरूको मनमा परेको शिक्षा टिपेर
लगिहाल्छ। यो त बाटोमा परेको बिउजस्तो भयो। २० अनि ढुङ्गेनी
जमिनमा परेको बिउले बुझाउँछ कि कति जना मानिसले चाहिँ
परमेश्‍वरका शिक्षा सुन्नासाथ खुसी भएर मनमा लिन्छन्। २१ तर यो
शिक्षा तिनीहरूको मनमा राम्ररी गडेकै हुँदैन र थोरै बेर मात्र रहन्छ।
परमेश्‍वरको शिक्षा मानेका कारणले दुःख र खेदो आइपर्नेबित्तिकै
तिनीहरूले यो शिक्षालाई छोडिहाल्छन्। २२ फेरि कति जना मानिसको
मनचाहिँ काँडाको घारीजस्तै हुन्छ। तिनीहरूले परमेश्‍वरको शिक्षा सुनेर
पनि यस संसारको चिन्ता गर्छन् र धन-सम्पत्तिको मायामा फस्छन्।
त्यसैले तिनीहरूले सुनेको शिक्षा हराएर जान्छ र कुनै पनि फल
फलाउँदैन। २३ तर कति जना मानिसको मनचाहिँ मलिलो माटोजस्तै
हुन्छ। तिनीहरूले भने परमेश्‍वरको शिक्षा सुनेर बुझ्छन् र सय गुणा,

साठी गुणा र तीस गुणा फल फलाउँछन्।" २४ येशूले फेरि दृष्टान्त
भन्नुभयो, "हेर, परमेश्‍वरको राज्य आफ्नो बारीमा राम्रो बिउ छर्ने एक
जना मानिसजस्तो हुन्छ। २५ शत्रुले राती सबै सुतेको मौका छोपेर
त्यही असल गहुँ छरेको बारीमा सामाको बिउ छरिदियो। २६ अब गहुँ
बढेर बाला लाग्दा सामा पनि देखा पर्‍यो २७ अनि बारीको धनीका
नोकरहरूले आएर तिनलाई भने, 'हजुर, तपाईंले बारीमा राम्रो बिउ
छर्नुभएको होइन र?हेर्नुहोस् त, यो सामा कहाँबाट आयो' २८ तिनले
भने, 'कुनै शत्रुले यसो गरिदियो होला।' नोकरहरूले सोधे, 'त्यसो भए
हामी गएर ती सामाहरू उखेलौं त?' २९ तर बारीका धनीले भने,
'होइन, अहिले नउखेल। यदि सामा उखेल्न लाग्यौ भने त झुक्किएर
गहुँ पनि उखेलिनेछ। ३० बरु बाली थन्क्याउने बेला नभएसम्म
दुवैलाई सँगसँगै बढ्न देओ अनि बाली थन्क्याउने बेलामा म
खेतालाहरूलाई 'पहिले सामा जम्मा गरेर आगोमा डढाउन मुठो पार
अनि गहुँचाहिँ उठाएर भकारीमा राख' भन्नेछु।" ३१ येशूले फेरि अर्को
एउटा दृष्टान्तको रूपमा शिक्षा दिनुभयो, "परमेश्‍वरको राज्य रायोको
बिउजस्तो हुन्छ। एउटा मान्छेले रायोको बिउ लिएर आफ्नो बारीमा
छर्छ। ३२ बिउहरूमा सबभन्दा सानो भए पनि उम्रेपछि त्यो बारीमा
हुने अरू बोटभन्दा ठूलो हुन्छ अनि चरा-चुरुङ्गी आएर यसका हाँगा-
बिँगामा गुँड बनाएर बस्छन्।" ३३ अनि फेरि पनि येशूले अर्को एउटा
दृष्टान्त दिँदै भन्नुभयो, "परमेश्‍वरको राज्य रोटी फुलाउने खमिरजस्तो
हुन्छ। एउटी स्त्रीले अलिकति खमिर लिएर तीन पाथी जति पिठोमा
मिसाउँछे अनि पूरै पिठो फुलेर आउँछ!" ३४ येशूले मानिसहरूलाई सबै
कुरा दृष्टान्तको रूपमै भन्नुहुन्थ्यो। उहाँले तिनीहरूलाई दृष्टान्तबिना
शिक्षा दिनुभएन ३५ अनि यसरी अगमवक्ताले भनेको यो कुरा पूरा हुन
आएको हो– म तिनीहरूलाई दृष्टान्तको रूपमा कुरा गर्नेछु र संसारको
सृष्टि भएदेखि थाहा नपाइएका कुराहरू भन्नेछु। ३६ त्यसपछि येशू
मानिसहरूलाई छोडेर भित्र पस्नुभयो अनि चेलाहरूले आएर उहाँलाई
भने, "हामीलाई सामाको दृष्टान्तको अर्थ बुझाइदिनुहोस्।" ३७ येशूले
भन्नुभयो, "राम्रो बिउ छर्ने मानिसचाहिँ मानव पुत्र हो। ३८ बारीचाहिँ
यो संसार हो अनि राम्रा बिउहरू परमेश्‍वरका राज्यका सन्तान हुन् र
सामाचाहिँ दुष्टका सन्तान हुन्। ३९ सामाको बिउ छर्ने शत्रुचाहिँ
शैतान हो अनि बाली थन्क्याउने बेला भनेको चाहिँ यस संसारको

आखिरी दिन हो र बाली काट्ने र थन्क्याउने खेतालाचाहिँ स्वर्गदूतहरू हुन्। ४० सामा आगोमा डढाउन बटुलिएजस्तै यस संसारको आखिरी दिनमा पनि त्यसै गरिनेछ। ४१ त्यस दिन मानव पुत्रले आफ्ना स्वर्गदूतहरूलाई पठाउनेछन् र तिनीहरूले उनको राज्यभरिका पाप गर्ने र पाप गर्न लगाउनेहरू सबैलाई बटुलेर ४२ आगोको भट्टीमा हालिदिनेछन्। त्यहाँ तिनीहरूले दाह्रा किट्दै रुवाबासी गर्नेछन्। ४३ परमेश्वरका सामुन्ने धर्मी ठहरिनेहरूचाहिँ आफ्ना पिता परमेश्वरको राज्यमा सूर्यजस्तै चम्केर बस्नेछन्। जसको कान छ, त्यसले सुनोस्! ४४ "परमेश्वरको राज्यचाहिँ जमिनमा गाडेको बहुमूल्य धनजस्तै हुन्छ। कुनै मानिसले यसलाई पाउँछ र फेरि छोपेर राख्छ अनि ऊ खुसी हुँदै गएर आफ्ना भएभरको सम्पत्ति बेची त्यो बारी किनिछोड्छ। ४५ "फेरि परमेश्वरको राज्य राम्रो खालको मोती खोज्दै हिँड्ने एउटा व्यापारीजस्तै हो। ४६ धेरैभन्दा धेरै मोल पर्ने मोती भेट्टाउँदा उसले आफ्नो भएभरको जेथा बेचेर त्यो मोती किनिछोड्छ! ४७ "फेरि पनि परमेश्वरको राज्य त तालमा हानेको जालजस्तै हुन्छ। यसमा सबै किसिमका माछाहरू पर्दछन्। ४८ माछाले भरिएपछि जलाहारीहरूले त्यसलाई किनारमा ल्याउँछन् र माछाहरू छुट्ट्याउँछन्। राम्रा-राम्रा माछाचाहिँ तिनीहरूले आफ्ना टोकरीमा राख्छन् र काम नलाग्ने माछाहरूचाहिँ फ्याँकिदिन्छन्। ४९ यस संसारको आखिरी दिनमा पनि त्यस्तै नै हुनेछ। स्वर्गदूतहरू आएर परमेश्वरको अघि धर्मी ठहरिएका मानिसहरूबाट दुष्टहरूलाई छुट्ट्याएर ५० आगोको भट्टीमा हालिदिनेछन्। त्यहाँ तिनीहरू दाह्रा किट्दै रुवाबासी गरिरहनेछन्।" ५१ येशूले चेलाहरूलाई सोध्नुभयो, "के तिमीहरूले यी कुराहरू बुझ्यौ?" उनीहरूले भने, "बुझ्यौं गुरुज्यू।" ५२ अनि येशूले फेरि भन्नुभयो, "अबदेखि परमेश्वरको राज्यबारे शिक्षा पाएका हरेक धर्म-गुरुचाहिँ घरको एउटा मालिकजस्तै हुन्छन्। घरका मालिकले आफ्ना ढुकुटीबाट नयाँ कुराहरू पनि निकाल्छन्, पुराना कुराहरू पनि निकाल्छन्।" मत्ती १३:१-५२।

ख्रीष्टले भन्नु भएको बिउ छर्नेको कथा धेरै पाठकहरूको बीचमा लोकप्रिय छ। जुन् स्थानलाई तोकेर त्यस कथा भनियो त्यो स्थान पनि त्यस समयका मानिसहरूको बीचमा प्रख्यातै थियो। येशूका श्रोताहरूले उहाँले भन्नुभएको कथाको अर्थ राम्रैसँग बुझ्न सक्थे। येशूको चेला हुनु

भनेको के रहेछ भनेर त्यस कथाले स्पष्ट रूपमा बताउँछ। यदि कोही येशूको चेला हो, भक्त हो, अनुयायी हो वा इसाई हो भनेर दावी गर्दछ भनेर त्यस कथालाई आत्मसात् गर्न उहाँले चुनौती दिनुहुन्छ। उहाँले मानिसलाई अलग गरेर बोल्नु हुन्न। उहाँले दृष्टान्त वा अर्तिकथाहरूबाट सत्यको भेद सबैले बुझुन् भनेर सिकाउनुहुन्छ। आफूले आफैलाई जाँचेर हेरोस् वा मूल्याङ्कन गरोस् भनेर उहाँले आमन्त्रण गर्नुहुन्छ। आत्मआलोचना वा आफूले आफैलाई जाँच्ने तरिकाले आफूलाई थाहा पाएको कुरा पक्कै बुझियो कि बुझिएन भनेर भनेर तिनीहरूले जान्न सक्दथ्यो। येशूको निम्ति कतिको त्याग गर्न सक्नुपर्ने रहेछ भनेर तिनीहरूले समिक्षा गर्न सक्थे। उहाँले सिकाउनु भएको कथाको ज्ञानबाट अनुशासित तथा बफादारी चेला भएर आफ्ना जीवन शैलीमा आमूल परिवर्तन ल्याएर चल्ने कि नचल्ने भन्ने आत्मनिर्णयको अधिकार प्रत्येक इसाई हुँ भनेर दावी गर्नेलाई सुम्पिएको पाइन्छ।

फेरि त्यसै समय असल चेला हुनु वा येशू भक्त हुनु भनेको के हो भन्दा कसैले कसैको न्याय वा मूल्याङ्कन नगरि त्यो काम येशूलाई मात्र सुम्पिने जिम्मा लगाउनु हो। मानिसले मानिसको न्याय गर्दा वा मूल्याङ्कन गर्दा त्यो सिद्ध वा पक्का हुँदैन। मानिसको ज्ञान सिमित छ। तर परमेश्वरको समझ शक्ति वा बुझ्ने शक्ति सिद्ध छ। कोही येशूको पछि लागेर उहाँको श्रद्धालु भक्त हुन चाहन्छ भने शैतानले हस्तक्षेप गर्न सक्छ भनेर पनि उहाँले सतर्क गराउनुभएको थियो। कुनै पनि येशूका भक्त वा चेलाहरूले आफ्नो बारेमा मूल्याङ्कन वा न्याय वा राय व्यक्त गर्न अरू विश्वासीको हातमा सुम्पिनु हुन्न। कारण किन भने ती विश्वासीहरू गहुँ वा असल बिउ नभएर सामा पनि हुन सक्छ।

“परमेश्वरको महिमा मानव जगतको निम्ति रहस्यमय नै हुन्छ। तर ख्रीष्टको मानविय रूपमा केही हदसम्म परमेश्वरको ज्ञानको रहस्य देख्न सकिन्छ। नजानेको कुराहरू बुझ्न जानेको कुराहरूबाट सिक्न सकिन्छ। स्वर्गका कुराहरू पृथ्वीका कुराहरूबाट देख्न र बुझ्न सकिन्छ।"-एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेशनस्* पृ. १७बाट रूपान्तरित।

धनी हुन मानिस छलमा पर्छन् भनेर बिउको उखानबाट येशूले मानिसहरूलाई औँल्याउनु भएको थियो (मत्ती १३:२२)। उहाँले

त्यसमा के भनिरहनुभएको छ? धन नहुनेहरूमा पनि धनको लोभमा परेर तिनीहरू आत्मिक अन्धकारमा कसरी फस्न सक्दछन्?

## ४. फरक किसिमको युद्ध (मत्ती २१:२८-३२)

**तत्कालिन विद्रोहको भावना सल्किरहेको समाजमा विना हतियार युद्ध गर्नुपर्छ भन्ने येशूको नितिले धेरै मानिसहरूको दिमागमा गडबड ल्याएको थियो। हुन त उहाँको हतियार कुनै पनि तरवार र खुकुरीहरू भन्दा शक्तिशाली थियो। उहाँको हतियार भनेकै मानिसको जीवनलाई काँचुली फेराउने वचनहरू थिए। उहाँका अर्तिकथा र उदाहरणहरू दिएर अध्यात्मिक चिन्तन वाख्या गर्ने शैलीले श्रोतावर्गहरूमा आमूल परिवर्तन ल्याउने चुनौतीहरू प्रस्तुत हुन्थे। समाजका विद्यमान दुष्ट र खराबीसँग मुकाविला गर्ने धारिलो हतियार नै उहाँका वचनहरू थिए।**

**धर्मका पहिरण लगाएका र धर्मलाई रक्षा गर्ने भनेर दावी गर्ने पण्डित तथा अगुवाहरूप्रति येशू आक्रामक हुनु भएको थियो। उहाँका आक्रामक वचनहरू सुन्ने ती अगुवाहरू उहाँदेखि तिनछक्क भएका थिए। उहाँ लोकप्रिय हुनुहुन्थ्यो र सर्वसाधारण जनताहरू उहाँदेखि आकर्षित हुन्थे। उहाँमा भएको त्यस लोकप्रियताको शक्तिसँग ती अगुवाहरू भिड्न सक्दैनथे। उहाँले दिनुभएका कतिपय अर्तिकथाहरूले ती धर्मका खोल ओढेका मानिसहरूको भन्डाफोर गरेको हुन्थ्यो। जब ख्रीष्टको मर्माहत सन्देशहरू मानिसहरूको हृदयमा पस्दछन् तब जनमानसमा ती धार्मिक अगुवाहरूको पकड खुकुलो हुँदै जान्छ भनेर तिनीहरूले महशूस गरेका थिए।**

प्रभु येशूले केही प्रभावकारी दृष्टान्त अर्थात् अर्तिकथाहरू कुनै निश्चित समूहलाई लक्षत गरि सम्बोधन गर्नुभएको थियो। हामी जो भएतापनि ती कथाहरूमा भएका नितिहरू हामीहरूलाई पनि सम्बोधन गरिएको हो भनेर किन नभन्ने? हेर्नुहोस्, मत्ती २१:२८-३२, " अनि येशूले अझै भन्नुभयो, "तिमीहरूको के विचार छ? एक जना मानिसका दुई छोरा थिए। तिनले जेठोकहाँ गएर भने, 'ए छोरा, आज तैंले दाखबारीमा गएर काम गर्नू है।' २९ 'म त जान्नँ!' उसले बुबालाई भन्यो। तर पछि उसको मन फेरियो र काममा गयो। ३० अनि बुबाले गएर अर्को छोरालाई पनि त्यसै भने। 'हुन्छ, बुबा!' त्यसले भन्यो। तर काममा चाहिँ गएन। ३१ अब यी दुई छोरामा कुनचाहिँले बुबाको

आज्ञा मान्यो?” "दाजुचाहिँले!” तिनीहरूले जवाफ दिए। तब येशूले तिनीहरूलाई भन्नुभयो, ‘साँच्चै म तिमीहरूलाई भन्छु, कर उठाउने र वेश्याहरू त तिमीहरूभन्दा पहिले परमेश्वरको राज्यमा पस्छन् ३२ किनभने बप्तिस्मा दिने यूहन्ना सत्य बाटो देखाउन तिमीहरूकहाँ आए, तर तिमीहरूले विश्वास गरेनौ। बरु कर उठाउने र वेश्याहरूले चाहिँ विश्वास गरे। यी कुराहरू देखेर पनि तिमीहरूले आ-आफ्ना पापलाई मानेर छोडेनौ र उनलाई विश्वास गरेनौ।”, लूका १४:१५-२४ “ येशूको कुरा सुनेर उहाँसँगै खान बस्ने एक जनाले भने, “परमेश्वरको राज्यमा भोज खान पाउनेहरू कति धन्य हुन्छन्।” 16 येशूले तिनलाई दृष्टान्त दिँदै यसरी जवाफ दिनुभयो, “कुनै एक जना मानिसले ठूलो भोजको तयारी गरेर धेरै मानिसहरूलाई निम्तो दिए। 17 भोज खाने बेला भएपछि उनले आफ्ना निम्तालुहरूलाई ‘खाने बेला भयो’ भनेर डाक्न आफ्ना नोकरहरू पठाए। 18 तर ती निम्तालुहरूले एक-एक वटा बहाना गरेर आउन मानेनन्। एउटाले भन्यो, ‘मैले खेत किनेको छु, त्यो हेर्न जानुछ। मलाई माफ गर्नुहोस्, म आउन सक्दिनँ।’ 19 अर्कोले भन्यो, ‘मैले पाँच हल गोरु किनेको छु र आजै तिनीहरूको काम जाँची हेर्न जाँदै छु। मलाई माफ गर्नुहोस्।’ 20 तेस्रोले भन्यो, ‘मैले भर्खरै मात्र विवाह गरेको छु। त्यसकारण म आउन सक्दिनँ।’ 21 नोकरले फर्केर सबै कुरा मालिकलाई सुनायो। रिसले झोकिएर मालिकले भने, ‘झट्टै सहरका बाटो-घाटो र गल्लीहरूमा जाऊ। त्यहाँबाट गरीब, लुला-लङ्गडा र अन्धाहरूलाई बोलाएर यहाँ ल्याऊ।’ 22 “यति गरेपछि नोकरले मालिकलाई भन्यो, ‘हजुर, तपाईंले भन्नुभएका सबैलाई मैले बोलाएर ल्याएँ। तैपनि अझै ठाउँ त खाली छ।’ 23 फेरि मालिकले भने, ‘सहरको मूलबाटो र गल्ली हुँदो गएर मानिसहरूलाई कर लाउँदै लिएर आऊ र मेरो घर भरिओस्! 24 “पहिले निम्त्याइएकाहरूमध्ये कसैले पनि मेरो भोजको स्वाद चाख्न पाउनेछैनन्’।”, लूका २०:९-२६ “त्यसपछि येशूले मानिसहरूलाई दृष्टान्तको रूपमा यस्तो कथा भन्नुभयो, “एक जना मानिसले अङ्गुरको बारी लगाए र खेती कमाउन मोहीहरूलाई दिए। तिनी आफैंचाहिँ परदेश गएर धेरै दिनसम्म उतै बसे। १० दाख पाकेपछि तिनले एक जना नोकरलाई आफ्नो भाग लिन पठाए। तर ती मोहीहरूले त्यसलाई कुटेर केही पनि नदिई फर्काइदिए। ११ फेरि बारीका धनीले अर्को

नोकर पठाए। मोहीहरूले उसलाई पनि कुटे र बेइज्जती गरेर केही
पनि नदिई खेदे। १२ त्यसपछि तिनले तेस्रो नोकरलाई पठाए। त्यस
नोकरलाई पनि मोहीहरूले घाइते बनाएर फालिदिए। १३ “यति
भइसकेपछि दाखबारीका धनीले भने, ‘अब म के गरूँ? आफ्नै प्यारो
छोरालाई पठाउँछु। मेरो छोरालाई त तिनीहरूले पक्कै आदर
गर्नेछन्।’ १४ तर बारी धनीका छोरालाई परैबाट आएको देखेर ती
मोहीहरूले यसरी सल्लाह गरे, ‘लौ, त्यो त बारी धनीकै छोरा हो।
आओ, हामी त्यसलाई मारौं र त्यसको सम्पत्ति हाम्रै हुनेछ।’ १५ यसो
भनेर तिनीहरूले उनलाई बारीबाट घोत्र्याउँदै बाहिर लगेर मारे।” येशूले
सोध्नुभयो, “अब त्यस बारीका धनीले तिनीहरूलाई के गर्लान् त? १६
तिनी आफैं आएर ती दुष्ट मोहीहरूलाई मार्नेछन् र आफ्नो बारी
अरूहरूलाई कमाउन दिनेछन्!” यो सुनेर मानिसहरूले भने, “त्यस्तो त
कहिल्यै नहोस्!” १७ अनि येशूले तिनीहरूतिर हेरेर भन्नुभयो, “त्यसो भए
धर्मशास्त्रमा लेखिएका यी कुराहरूको अर्थ के हुन् त?– डकर्मीहरूले
काम लाग्दैन भनेर फ्याँकेको ढुङ्गा नै घरको जग बसाल्दाखेरि मुख्य
ढुङ्गा बन्न आयो। १८ त्यस ढुङ्गामाथि बजारिने सबै चकनाचुर हुनेछन्
अनि कसैमाथि त्यो ढुङ्गा बजारियो भने ऊ धुलोपिठो हुनेछ।” १९ धर्म-
गुरु र मुख्य पूजाहारीहरूले यी कुरा उनीहरूकै विरोधमा भनेको हो
भन्ने बुझेर येशूलाई पक्रने विचार गरे, तर तिनीहरूलाई मानिसहरूको
डर भयो। २० त्यसो हुँदा तिनीहरूले उहाँलाई सुटुक्क पक्रने दाउ हेर्न
थाले। तिनीहरूले उहाँलाई पक्रेर रोमी बडा-हाकिमको हातमा सुम्पन
चाहन्थे। इमानदार भइटोपली ‘येशूसँग कुरा धुतेर फसाऊ’ भनी
तिनीहरूले केही मानिसहरूलाई घुस दिएर पठाए। २१ ती सुराकी
मानिसहरूले गएर येशूलाई सोधे, “हे गुरु, हामीलाई थाहा छ, तपाईंले
भन्नुभएका कुरा र शिक्षा ठीक छन्। तपाईंले मानिसको मुख हेरेर कुरा
गर्नुहुन्न, तपाईंले त परमेश्वरको सत्य बाटो नै देखाउनुहुन्छ। २२ तब
भन्नुहोस्, के हाम्रो व्यवस्थाअनुसार रोमी सरकारलाई कर बुझाउनु ठीक
छ कि छैन?” २३ तिनीहरूको चलाकी बुझेर येशूले भन्नुभयो, २४ “खै,
सिक्का देखाओ त, त्यसमा कसको नाउँ र छाप छ?” तिनीहरूले भने,
“यसमा त रोमी सम्राट्को नाउँ र छाप छ!” २५ तब येशूले भन्नुभयो,
“त्यसो भए सम्राट्को जति सम्राट्लाई देओ र परमेश्वरको जति
परमेश्वरलाई देओ।” २६ तिनीहरूले मानिसको सामुन्ने उहाँलाई कुनै

कुरामा पनि फसाउन सकेनन् र उहाँको जवाफमा अचम्म मान्दै चुपचाप बसे।"

"बारीको बारेमा दिइएको दृष्टान्त केवल यहूदी राष्ट्रको निम्तिमात्र थिएन। त्यसमा हाम्रो निम्ति पनि पाठ छ। यस पुस्ताको चर्चलाई परमेश्वरले ठूलो आशिष र अधिकारहरू दिनुभएको छ। उहाँका जनहरूले पाएका वरदानहरू उहाँको महिमाको निम्ति प्रयोग गरून् भन्ने उहाँले अपेक्षा गर्नुभएको छ।"-एलेन जी ह्वाइट, क्राइस्ट अवजेक्ट लेशनस्, पृ. २९६बाट रूपान्तरित।

परमेश्वरले हामीलाई धेरै आशिष दिनुभएको छ। ख्रीष्टको रगतले हामीलाई किनिएको छ। हामीहरूको धर्मकर्म वा असल काममा आधारित नभएर ख्रीष्टको पवित्र कार्यले हामीलाई मुक्तिको वरदान प्रदान गरिएको छ। मुक्ति पाउने छ भनेर हामीलाई प्रतिज्ञा गरिएको छ। र हामीलाई पवित्र आत्मा दिइएको छ। हामीलाई यथेष्टमात्रामा परमेश्वरबाट सबै कुराहरू पाएका छौं। तर परमेश्वरप्रति आभारित नहुन हामीसँग भएका थोकहरूको बारेमा सजिलैसँग बिर्सन सक्दछौं। त्यसको बारेमा धेरै सोचेका पनि छैनौं। वा हामी येशूले भन्नुभएको दाखबारीमा काम गर्ने कर्मचारीहरू जस्तै हामीहरूले के गरिरहेकाछौं सो यथार्थमा महशूस गरिरहेका छैनौं। अन्तमा तिनीहरूको अज्ञानताले न्यायको दिनमा तिनीहरूलाई उम्काउन सक्दैन। न त थाहा छैन भनेर हामीलाई पनि उम्कने बाटो दिइएको छ।

विगत समयमा तपाईँ पनि आफ्नै आत्मिक अवस्थाले तपाईँले कतिपटक धोका खानुभएको छ? त्यही गलत बाटोमा नहिंड्न ती अनुभवहरूले के पाठ तपाईले सिक्नुभएको छ?

## ५. दृष्टान्त तथा अर्तीकथाहरू रच्ने ख्रीष्टको कला (प्रेरित १०:९-१६)

ख्रीष्टले आफ्नो कार्यकालमा विभिन्न दृष्टान्तहरूबाट अर्ती दिनुभएको थियो। उहाँको कार्यकाल समाप्त भएपछि बाइबलमा कथाहरूबाट उपदेश दिने चलन सकिएको जस्तो देखिन्छ। किन त? नयाँ करारका धेरैजसो पुस्तकहरू पावलले लेखेका थिए। उनले चौधवटा पुस्तकहरू लेखेका थिए। चिकित्सक लूकाले लेखेका ऐतिहासिक प्रेरितको पुस्तकको आधाजसो भागमा पावलको बारेमा वर्णन गरिएको पाइन्छ। येशूले जस्तो पावलले आफ्ना सन्देशहरू दिन कथाहरू प्रयोग गरेका

थिएनन्। तर उनले दिएका सन्देशहरू मानिसको मगजमा पसुन् भनेर उनले शव्दचित्र, उदाहरण र तुलनाहरू प्रयोग गरेका थिए। (उदाहरणमा रोमी ७:१-६, १ कोरन्थी ३:१०-१५, २ कोरन्थी ५:१-१० पढ्नुहोस्)।

पावल कथाकार थिएन। तैपनि उनले लेखेका सन्देशहरू नियास्रो लाग्ने खालका थिएनन्। ती लेखहरूमा केही रोचक उदाहरणहरू पनि पाइएका छन्। ख्रीष्टका प्रवचन र पावलका लेखहरू भिन्ना भिन्नै शैली थिए, यद्यपि ती दुवै शैलीहरू सृजनात्मक भएको पाइन्छ।

नयाँ करारका अरू लेखकहरूचाहिँ उपदेश दिंदा येशूले जस्तै अर्तीकथाहरू प्रयोग गरेको केही हदमा पाइन्छ । येशूका भाई याकूवले लेखेका थिए, “यदि कोही मानिस तिम्रो घरमा सुनको औँठी लगाएर आयो रे!" (याकूव २:२)। तैपनि ख्रीष्टको भाई र अरू चेलाहरूले ख्रीष्टले जस्तो धेरै कथाहरू प्रयोग गरेका थिएनन्। तर तिनीहरूले आफ्ना सन्देशहरूलाई प्रष्ट पार्न विभिन्न उदाहरण र तुलना अर्थात् उपमाहरू प्रयोग गरेका थिए। “त्यो मानिस फूल जस्तै ओइलाएर जानेछ" (याकूव १:१०), “जहाजको उदाहरण हेरौं" (याकूव ३:४) र पत्रुसले पाएका दर्शन (प्रेरित १०) केही उदाहरणहरू हुन्। र प्रकाशको पुस्तकमा धेरै उदाहरण र प्रतिकहरू प्रयोग गरिका छन्। उदाहरणमा प्रकाश १२:१३ एक हुन् जसमा लेखिएको छ, “१३ “तब पृथ्वीमा फ्याँकिएको छु भन्ने थाहा पाएर अजिङ्गरले त्यो छोरा पाउने आमालाई खेद्न थाल्यो।"

देहायका पदहरूमा दुईवटा शव्दचित्र वा तुलनाहरू हेर्नुहोस्। तिनीहरूमा कस्ताखालका उपमा वा शव्दचित्रहरूद्वारा सन्देशहरू सिकाउन खोजेका छन्? तिनीहरूमा के फरक सन्देशहरू छन्? प्रत्येक सन्देशहरूलाई स्पष्ट पार्ने कस्तो उदाहरणहरू प्रयोग गरिएका छन्? हेर्नुहोस्, प्रेरित १०:९-१६, “भोलिपल्ट दिउँसो बाह्र बजेतिर तिनीहरू योप्पा सहरको नजिक आइपुगे। त्यति बेला पत्रुस घरको छतमा प्रार्थना गर्न उक्ले। १० प्रार्थना गर्दागर्दै उनलाई भोक लाग्यो र खाना तयार भइरहेको बेला पत्रुसले ध्यान-मग्न भएर एउटा अचम्मको कुरा देखे– ११ स्वर्ग उघ्रिएको र त्यहाँबाट ठूलो तन्ना चार कुनामा समातिएर पृथ्वीतिर झरिरहेकोजस्तो चीज देखे। १२ त्यस तन्नामा नाना थरीका चारखुट्टे पशुहरू, घस्रने जीवजन्तु र आकाशका चरा-चुरुङ्गीहरू थिए। १३ “ए पत्रुस, उठ र यिनीहरूलाई मारेर खाऊ,” भन्ने आवाज पत्रुसले

सुने। १४ “होइन प्रभु, यस्तो कुरा कसरी खान सक्छु र! यस्ता खान नहुने अशुद्ध कुरा मैले कहिल्यै पनि खाएको छैनँ!” भनेर पत्रुसले जवाफ दिए। १५ तर फेरि यस्तो आवाज आयो, “परमेश्वरले शुद्ध ठहराउनुभएको चीजलाई तिमीले अशुद्ध नठान।” १६ तीनपल्टसम्म यस्तै भइरह्यो। त्यसपछि त्यो तन्ना स्वर्गतिर उचालियो।", याकूव ३:३-१२ “आफूले भनेको मानोस् भनेर घोडालाई लगाम लगाइदिन्छौं अनि जता मन लाग्यो, उतै हामी लैजान सक्छौं। ४ त्यसै गरी ठूलो जहाज पनि कडा बतासको वेगले गइरहेको भए पनि यसलाई साना कर्णधारले फनक्कै फर्काउन सक्छ। जहाज चालकले आफूले भनेतिर यसलाई फर्काउन सक्छ। ५ जिब्रो पनि यस्तै हो। यो यति सानो भएर पनि ठूला-ठूला कुराको घमण्ड गर्न सक्छ। सानोभन्दा सानो झिल्काले पनि ठूलोभन्दा ठूलो जङ्गलै डढेलो लाउन सक्छ। ६ जिब्रोचाहिँ आगोजस्तो हो। यो शरीरका अङ्गहरूमध्ये सबैभन्दा दुष्ट हो। यसले सिङ्गै शरीरमा कलङ्क लाउँछ। यसले नरकको आगो लिएर हाम्रो पूरै जिन्दगीमा आगो लगाउँछ। ७ मानिसले सबै जङ्गली पशु-पक्षी वा जीवजन्तुलाई तह लाउन सक्छ र तह लाएको पनि छ। ८ तर जिब्रोलाई कसैले पनि तह लाउन सकेको छैन। जिब्रोचाहिँ दुष्ट, तह नलाग्ने र डरलाग्दो विषले भरिएको हुन्छ ९ अनि हामीहरूले हाम्रा परमेश्वर पितालाई यही जिब्रोले धन्यवाद दिन्छौं र यही जिब्रोले फेरि परमेश्वरको स्वरूपमा सृष्टि गरिएको मानिसलाई श्राप दिन्छौं। १० एउटै मुखबाट प्रशंसा र गाली पनि निस्कन्छ। मेरा भाइहरू, यस्तो हुनुहुँदैन! ११ के एउटै मुहानबाट तीतो र मीठो पानी निस्कन्छ? १२ मेरा भाइहरू, अञ्जीरको बोटमा भद्राक्ष फल्न सक्दैन अनि अङ्गुरको बोटमा अञ्जीर फल्न सक्दैन। नुनिलो पानीको मुहानबाट मीठो पानी उम्रन सक्दैन।", प्रकाश १२:९-१७, “ ९ त्यसपछि मैले हेरें अनि कसैले पनि गन्न नसक्ने एउटा ठूलो भीड देखें। उनीहरू हरेक जाति, कुल, देश र भाषाबाट आएका थिए। उनीहरू सेतो पोशाक लगाएर हातमा खजुरका स्याउला समाती मूल सिंहासन र थुमाका अगाडि उभिरहेका थिए। १० उनीहरू ठूलो स्वरले यसो भनेर कराए: “सिंहासनमा विराजमान् हुनुहुने हाम्रा परमेश्वर र थुमाबाट नै हाम्रो उद्धार हुन्छ।” ११ मूल सिंहासन, धर्म-गुरु र चार जीवित प्राणीका वरिपरि स्वर्गदूतहरू उभिरहेका थिए। उनीहरूले सिंहासनको अगाडि

दण्डवत् गरी यसो भनेर परमेश्वरको जयजयकार गरेः १२ “आमेन। प्रशंसा, सम्मान्, ज्ञान-बुद्धि, धन्यवाद, आदर, अधिकार र शक्ति सदासर्वदा हाम्रा परमेश्वरकै हुन्! आमेन!” १३ एक जना धर्म-गुरुले मलाई सोधे, “यी सेता लुगा लगाएका मानिसहरू को हुन् र कहाँबाट आएका हुन्?” १४ मैले उनलाई भनें, “मलाई थाहा छैन। हजुरलाई नै थाहा छ।” उनले मलाई भने, “उनीहरूचाहिँ ठूलो सतावट सहेर आएका छन् र उनीहरूले आफ्ना-आफ्ना लुगा थुमाको रगतले धोएर सेता पारेका छन्। १५ यसकारण उनीहरू परमेश्वरको अगाडि छन् र दिन-रात उहाँको पवित्र मन्दिरमा उहाँको सेवा गर्छन्। सिंहासनमा विराजमान् हुनुहुनेचाहिँ उनीहरूको बीचमा रहेर तिनीहरूको रक्षा गर्नुहुनेछ। १६ उनीहरू अबदेखि कहिल्यै भोकाउने र तिर्खाउनेछैनन्। घामले वा कुनै चर्को तापले उनीहरूलाई पोल्नेछैन १७ किनभने सिंहासनको बीचमा हुनुहुने थुमाले नै उनीहरूको गोठालो भएर रक्षा गर्नुहुनेछ। उहाँले उनीहरूलाई जीवनको पानीका मूलमा डोऱ्याएर लानुहुनेछ। अनि परमेश्वरले नै उनीहरूका आँखाबाट हरेक आँसु पुछिदिनुहुनेछ।”, प्रकाश १८:९-२० “ त्यो सहरलाई डढाउने आगोको धुवाँ देख्दा त्योसँग व्यभिचार गर्ने संसारका राजाहरूले त्यसको निम्ति विलाप गर्नेछन्। 10 तिनीहरूलाई त्यसको सजाय नलागोस् भनेर तिनीहरूले टाढै उभिएर यसो भन्नेछन्, “बेबिलोनमा के यस्तो आपत् आइलाग्यो। एकै घण्टामा तैंले सजाय पाइस्।” 11 संसारका व्यापारीहरूले पनि त्यसको लागि विलाप गर्छन् किनभने सबैले तिनीहरूको सामान किन्नै छोड्छन्। 12 कसैले पनि तिनीहरूका सुन, चाँदी, रत्न, मोती, असल सुती कपडाका वस्तुहरू, बैजनी कपडा, रेशम, सिंदुरे रङ्गका कपडा, अनेक थरीका बिरलै पाइने काठ अनि सबै थरीका हात्तीका दाँतबाट बनेका वस्तुहरू, दामी काठ, काँसाका वस्तुहरू, फलाम र सिङ्गमरमर किन्नेछैनन्। 13 दालचिनी, सबै किसिमका मसला, बास्ना भएका धूपहरू, मूर्र र सेतो-धूप, मद्य र तेल, मैदा र गहुँ, गाईवस्तु, भेडाहरू, घोडा र घोडा-गाडीहरू, कमारा र मानिसहरूसमेत पनि किन्नेछैनन्। 14 व्यापारीहरूले त्यसलाई भन्नेछन्, “तिमीले इच्छा गरेका असल कुराहरू हरायौ। तिम्रो धन-सम्पत्ति र मान-मर्यादा सबै नाश भइसके अनि ती सबै कहिल्यै पाउनेछैनौ!”

15 त्यस सहरमा व्यापार गरी धनी भएका व्यापारीहरू टाढै खडा हुनेछन्, कारण तिनीहरू त्यसको डरलाग्दो विपत्तिदेखि डराउँछन्। तिनीहरूले विलाप गर्दै यसो भनेर कराउनेछन्, 16 "यो सहरको निम्ति कस्तो डरलाग्दो समय आयो!" यसले असल सुती कपडा, बैजनी र सिँन्दुरे रङ्गका वस्त्रहरू लगाउँथी अनि सुन, बहुमूल्य रत्न र मोतीको गहना लाउँथी। 17 एकै घण्टामा त्यसले सबै गुमाई।" जहाजका कप्तानहरू, यात्रीहरू, नावीकहरू र समुद्रमा काम गरी पेट पाल्नेहरू सबैले टाढै उभिएर 18 सहरबाट निस्केको धुवाँ देखी यसो भन्दै कराए, "योजस्तो महान् सहर अरू कुनै थिएन!" 19 उनीहरूले टाउकोमा माटो फ्याँकी यसो भनेर अझ विलाप गर्दै कराए, "यो सहरमा कस्तो आपत् आइलाग्यो। यो सहरका धन-सम्पत्तिबाट जहाजका मालिकहरू धनी भएका थिए। तर एकै घण्टामा त्यसका सबै कुरा नष्ट भए।" 20 हे स्वर्गमा भएका सबै, त्यो नाश भएकोमा रमाहट गर। परमेश्वरका भक्तहरू, प्रेरित र अगमवक्ताहरू सबै रमाओ किनभने त्यसले तिमीलाई जे गरी, त्यसको निम्ति परमेश्वरले त्यसलाई दण्ड दिनुभएको छ।" र प्रकाश १९:११-१६, "अनि मैले स्वर्ग खोलिएको देखें र एउटा सेतो घोडा देखें। त्यो घोडामाथि सवारी हुनेको नाउँ 'विश्वासिलो र सत्य' रहेछ। उहाँले ठीकसित न्याय गर्नुहुन्छ र लडाइँ गर्नुहुन्छ। १२ उहाँका आँखा आगोको ज्वालाजस्ता रहेछन् र उहाँका टाउकोमा धेरै मुकुट थिए। उहाँको एउटा नाउँ लेखिएको थियो तर त्यो नाउँ उहाँलाई मात्र थाहा छ। १३ उहाँले लाउनुभएको लुगा रगतले भरिएको थियो। उहाँको नाउँचाहिँ "परमेश्वरको वचन" हो। १४ सेता घोडामा चढेका र सफा सेता लुगा लाएका स्वर्गका सेनाहरू उहाँका पछि-पछि लागे। १५ उहाँको मुखबाट एउटा धारिलो तरवार निस्केको थियो। त्यो तरवार लिएर उहाँले जाति-जातिलाई जित्नुहुनेछ। उहाँले उनीहरूमाथि कडा शासन गर्नुहुनेछ र कोलमा दाख कुल्ची रस निकालेझैं उहाँले सर्वशक्तिमान् परमेश्वरको क्रोधको कोलमा तिनीहरूलाई कुल्चनुहुनेछ। १६ उहाँको लुगा र उहाँको तिघ्रामा "राजाहरूका राजा र प्रभुहरूका प्रभु" भन्ने नाउँ लेखिएको थियो।"

**जसरी व्यक्त गरिएतापनि सन्देशहरू दिने शैलीको उद्देष्य एउटै हुन्: बाइबलले सिकाउन चाहेको विद्यालाई स्पष्ट पार्ने। त्यस क्रममा शव्दचित्र, मेटाफोर वा रुपक, दृष्टान्त, अर्तिकथा, प्रतिक, तुलना वा**

उपमा र अरू उदाहरणहरू प्रयोग गरिएका छन्। श्रोताहरूकै अनुभवहरूलाई आधार बनाएर ख्रीष्ट र उहाँका चेलाहरूले आफूहरूले दिन चाहेका सन्देशहरू स्पष्ट पारेका थिए। सत्य आत्मज्ञानलाई अझ स्पष्ट पार्न तिनीहरूले ती विभिन्न शैलीहरू अपनाएका थिए। उचित समयमा त्यस्ता उचित शैलीहरू अपनाएर मानिसहरूको दिमागमा सत्यको दियो बाल्न हामीपनि पछि पर्नु हुँदैन।

## उपसंहार

थप जानकारीः यस विषयमा एलेन जी ह्वाइटले लेखेको *क्राइष्ट अवजेक्ट लेशन्स,* पृ. १७-२७को "टिचिङ्ग इन पाराबलस्स" पढ्नुहोस्।

"वढी उत्सुकता जगाएर मानिसहरूले प्रश्नहरू गरून् भन्ने येशूको चाहना थियो। मानिसले विताइरहेका लापरवाही तथा हेलचक्राईं जीवनलाई जगाएर सत्यलाई हृदयमा गाभ्न उहाँले प्रयास गर्नुभएको थियो। दृष्टान्त तथा अर्तिकथाहरू भन्ने प्रचलन उहाँको समयमा लोकप्रिय थियो। कथाहरू मार्फत् परमेश्वरको सन्देश सुनाउने कलाले गर्दा यहूदी र अरू देशका मानिसहरू येशूप्रति आकर्षित भएका थिए र उहाँलाई ध्यान दिएर सुन्दथे।

"मानिसहरूले स्वीकार गर्न र बुझ्न तयार नभएको बेलामा ख्रीष्टले सत्य आत्मज्ञानहरू दिन खोज्नु भएको थियो। त्यसै कारण उहाँले विभिन्न दृष्टान्त तथा अर्तिकथाहरूद्वारा तिनीहरूलाई सिकाउनुभएको थियो। दैनिक जीवनका घट्ना र प्रकृतिसँग गाँसेर सत्यलाई सिकाउँदा येशूले मानिसहरूको ध्यान जित्नुभएको थियो। उहाँ वचनहरूले तिनीहरूका हृदयमा प्रभाव पारेका थिए। येशूले दिनुभएका उदाहरण तथा कथाहरू मानिसहरूले पछि सम्झन थालेपछि अलौकिक गुरूका वचनहरूलाई राम्रोसँग सम्झन सकेका थिए।

"प्रत्येक मानिसको हृदयमा पस्ने उपाय येशूले खोज्नुभएको थियो। धेरै उदाहरणहरू दिएर येशूले सत्य आत्मज्ञानलाई विभिन्न प्रकारले प्रस्तुत गर्नुभएको थियो। त्यसले गर्दा विभिन्न दिमाग भएका मानिसहरूमा येशूको वचन भित्रिन पाएको थियो।"-एलेन जी ह्वाइट, *क्राइस्ट अवजेक्ट लेशन्स,* पृ. २०,२१बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. एक आपसमा भनेका कथाहरूबाट तपाईंले के शिक्षा पाउन सक्नुहुन्छ?

आ. सबैले जानेका दैनिक प्रचलनमा आएका वस्तुहरू वा दैनिक जीवनमा आधारित गरेर येशूले शव्दचित्र र उदाहरणहरूद्वारा येशूले आत्मज्ञान सिकाउनुभएको थियो। तपाईंको संस्कृति वा लोकमा चलेका विभिन्न विषयवस्तुहरूद्वारा आत्मिक ज्ञान तपाईंले कसरी सिकाउन सक्नुहुन्छ?

इ. खेतवारीलाई आधार बनाएर येशूले विभिन्न शिक्षादिक्षा दिनुभएको थियो। तर सुरूमा येशूलाई विश्वास गर्ने प्रचलन शहरहरूबाट नै हुर्केका थिए। पावल र नयाँ करारका अरू लेखकहरूले लेखिएको अनुसार इसाई आस्थाको शहरीकरण कुन कुन् शहरहरूमा भएको थियो?

ई. एउटा असल कथालाई सोच्नुहोस्। कथामा कुन् कुन् भागहरूले श्रोतावर्गलाई रोचक बनाउँछन्? येशूको बारेमा गवाही दिन ती भागहरूलाई हामी कसरी प्रयोग गर्न सक्दछौं?

उ. येशूले लूका १६:१९-३१मा एउटा कथा भन्नुभएको छ। कस्तो खालको कथा उहाँले यहाँ प्रयोग गर्नुभएको छ? आत्मिक सत्यलाई सिकाउन काल्पनिक कथाहरू प्रयोग गर्न सकिन्छ भनेर ती पदहरूले हामीलाई कसरी सिकाउँदछन्?